


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार

समग्र बुलेटिन

| अंक - १६ | माघ २०६७ | पेज १ |
|---|---|---|


## घोचेर होइन सोचेर बोल्छन्........

यो बाउन्ना गाउँको सामाजिक परिवार हो । ३० घरका महिलाहरू मिलेर यो गठन गरेका हुन् । २०६६ मङ्सिरताका सबै जम्मा भएर प्रगति महिला सामाजिक परिवार नाम राखे अनि काम थाले । यसभित्र सात जातका मानिस छन् : पाण्डे, कार्की, बस्न्यात, थापा क्षेत्री, राम (चमार), चौधरी र मगर । मगरभित्रका छ थर छन् : गरङजा, पुलामी, खपाङ्गी, आले, बुर्जा र मिरिङ्ची सामेल छन् ।



प्रत्येक वर्ष अध्यक्षको छनोट हुन्छ, एक वर्षको कार्यकालमा जति सक्दो राम्रो काम गर्ने चाहना राखेर काम गर्छन् । यो वर्षको अध्यक्षमा दयाकुमारी कार्की छानिएकी छन् । यिनी अरू नै ठाउँबाट यहाँ बसाइँ सरेर पछि आएको बताउँछिन् । ३० घर सदस्य रहेको सामाजिक परिवारमा प्रत्येक महिना बैठक बस्छ र प्रत्येक सदस्यबाट २५ रुपियाँका दरले कोषवृद्धिका लागि मासिक बचत उठाइन्छ । हालसम्म कोषमा २५ हजार रुपियाँ पुगिसकेको छ । यो हर्दियाको बाउन्ना गाउँ वडा नं.-८ मा पर्छ, सप्तरी जिल्लाको चुरेनजिकैको यो बस्ती पहाडी र तराईमूलका मानिसहरूको संयुक्त बसोबास भएको थलो हो । तपाईंहरूको यो सामाजिक परिवारले के गर्‍यो त भन्दा संस्थापक अध्यक्ष रीता थापा क्षत्री भन्छिन्- ‘पहिला त हामी जम्मा हुने थलो बन्यो । यो बनाउनुभन्दा पहिला त हामी महिलाहरूको भेट-घाट हुने ठाउँ नै थिएन । अब भेट-घाट हुने चौतारो जस्तो बन्यो । महिना-महिनामा हुने बैठकमा सबैसँग भेट-घाट हुन्छ, दुःख-सुखका कुरा हुन्छन्, कोष संकलन हुन्छ । खर-खाँचो पर्नेले आफ्नै कोषबाट सापटी पाउँछन्, साहूकामा गएर महिनाको सयकडा पाँचमा ऋण काढ्नुपर्दैन । सानोतिनो गर्जो यसैबाट टर्छ । घरबाट बाहिर नजाने महिला बाहिर जान थाल्यौं, अहिले एकजुट भएका छौं । आजकल हामीबीच झगडा नै कम हुन थालेको छ ।’ यसै मेसोमा दिलकुमारी बस्नेतले थपिन्- ‘पहिला त महिनामा २५ रुपियाँको चुरोट खाएर सक्थ्यौं, अब त त्यो बचत गर्न थाल्यौं । सापटी फिर्ता गर्दा आउने ब्याज आफ्नै कोषमा जम्मा हुन्छ । आजकाल त गाउँघरको ब्याज पनि महिनाको सयकडा तीनमा झरेको छ । हाम्रो कोषको ब्याज त थोरै छ, हामी आफैं मिलेर तोक्ने हो ।’ मनमाया खपाङ्गीको भनाइ थियो- ‘हामीले धेरै कुरा सिक्यौं, आफ्नो अधिकारका लागि घरभित्र देखि खोजी गर्दै राजविराज सदरमुकामसम्म पुग्यौं । महिलामाथि भएको थिचोमिचोका बारेमा आवाज उठायौं, हिजो बोल्न नपाउने र बोल्न नजान्नेमा थियौं, अहिले आवाज निकाल्न थाल्यौं । सीप सिक्नका लागि गाविसको स्रोतबाट सञ्चालित सिलाइ-कटाइको तालिममा तीन महिना सहभागी भएँ, अहिले आफ्नै सानातिना कपडा सिउन थालेकी छु । बंगुरपालन गरियो, त्यति फस्टाएन । बीउ-बिजन जिल्ला कृषिबाट ल्याएर लगाइयो त्यसबाट ठिकै भयो । उमेर पुगेका सबै बालबालिका विद्यालय जाने गरेका छन् । सामाजिक परिवार बनाएपछि हामीले धेरै कुरा सिक्दै आएका छौं । मानवअधिकारको हनन् गर्नेलाई रोक्न थाल्यौं । आम्दानी बढाउनुपर्छ भन्ने ज्ञान भयो । मानवअधिकारसम्बन्धी तालिम गोष्ठीमा भाग लियौं । त्यस सम्बन्धमा जानकारी पाएका छौं । भविष्यमा अझ राम्रो गर्छौं ।’ म त समग्रको स्वयम्सेवक कार्यकर्तामा छानिएकी छु, साह्रै खुसी लागेको छ । आफूले जानेका कुरा अरू दिदीबहिनीहरूलाई पनि सिकाउँछु, पछि आउनुभयो भने अझ राम्रो देख्नुहुन्छ । त्यहाँ आएर सोध्नेहरूलाई उनीहरूले भन्ने गरेका छन् ।

हर्दिया-६ कै जनकल्याण सामाजिक परिवारकी कोषाध्यक्ष चन्द्रमाया घिमिरेले आफ्ना पुराना कुरा सम्झँदै सुनाइन्- ‘२०५२ तिर अवलोकन भ्रमणमा जाने बारेमा गाउँमा छलफल भयो, कसैले पनि आफ्ना श्रीमती र छोरी-बुहारी नपठाउने भए, काठमाडौंतिर

घुम्न पठाउँदा उतै हराए वा अरूले नै लगे भने कसलाई समाउने भनेर छलफल भयो । हाम्रा घरकाले- 'पोइल गई भने गइछे, होइन भने देश हेरेर आउँछे जा.. भनेर' भन्नुभयो । म काखकी बच्ची छोडेर गएँ । घुमेर आएपछि सबैलाई बताएँ- 'कति इज्जत गरेर घुमाउनुभयो, नयाँ-नयाँ ठाउँ देखियो, प्रगति गर्नेहरूसँग भेट भयो, काठमाडौंका महिलाहरूले गरेका उन्नति सुनाइदिएँ । आफूले बहुतै इज्जत-सम्मान र दिदीबहिनीलाई जस्तै व्यवहार गरेको सुनाउँदा सबै दङ्ग परे ।' त्यति बेलाकी छोरी अहिले बीएमा पढ्छे । त्यो समयको कुरा सुनाउँदा चन्द्रमायाको मुख उज्यालो र खुसीले भरियो । हर्दियाकै मखमली सामाजिक परिवारबाट आएकी गीता बुर्जा र कोषाध्यक्ष सूर्यमाया कार्कीले आफ्नो समाजिक परिवारले पनि प्रगतिको बाटो समाएको कुरा बताए ।

अध्यक्ष दयाकुमारी कार्कीले हामी मिलेर बसेकामा वरपर सबै खुसी छन् । महिला भनेर पहिला जस्तो हेप्ने चलन कम हुँदै गएको छ, आफ्नो कोष भएकाले अब त दुई/चार हजार खेलाउन महिलाहरू पनि सक्ने भए । सबै मिलेर बोलेको अरूलाई पनि सुन्न कर लाग्ने भयो, पहिलाको जस्तो महिलालाई घोच-पेच गर्न कम हुँदै गएको छ । अहिले त घोचेर होइन सोचेर बोल्छन् ।

उनले अन्तमा आफ्ना कुरा राखिन् । गोलो आकार भएर बसेका



महिलाहरूभन्दा आलिपर बसेका अर्जुनराज खपाङ्गीलाई सोधियो तपाईंलाई कस्तो लाग्यो त ? देउराली सामुदायिक वन समितिका अध्यक्षसमेत रहेका यिनी भन्छन्- '२१औं शताब्दीमा पनि हाम्रो गाउँका दिदीबहिनीहरूको अवस्था १८औं शताब्दी जस्तो थियो पहिला त । सामाजिक परिवार गठन गरेर अति राम्रो काम भएको छ । मलाई सबैभन्दा मन परेको काम हो ।' महिलाहरूमा एकताको भावना गाउँगाउँमा सामाजिक परिवार भयो भने त हालको द्वन्द्व पनि कम होला । हाम्रो गाउँमा झै-झगडा नै कम भयो । महिनामा एकचोटि जम्मा हुन थाले, आ-आफ्ना र गाउँघरका समस्याका बारेमा छलफल गर्न थालेको देख्दा खुसी लागेको छ ।

## दलित-दलितबीचको भेदभाव

दलितहरू गैरदलितहरूबाट शोषित भएको कुरा समाजमा व्याप्त छ । यसै शोषणका विपक्षमा समग्रले दलितहरूलाई सशक्तीकरण गर्ने क्रममा विभिन्न प्रकारका मानवअधिकारको तालिम दिने गरेको छ । गैरदलितहरूसँग अधिकार माग्ने क्रममा अब दलितहरू आफ्ना समुदायसँग अर्थात् दलितभित्रै रहेको भेदभावको विपक्षमा पनि सशक्त हुँदै छन् ।

यसैबीच लमजुङ सिम्पानी-६ मा बस्ने सोमा परियारले- 'पहिला आफूहरूलाई विकहरूबाट भेदभाव हुने बताइन् ।' उनको गाउँमा समग्रले २०६१ सालमा सरस्वती सामाजिक परिवार गठन गरिदियो र उनी त्यसको सदस्य बनिन् । २०६४ सालमा त्यही सापको प्रतिनीधित्व गरेर समग्रद्वारा धादिङमा आयोजित मानवअधिकारसम्बन्धी तालिममा भाग लिइन् । उनले त्यस तालिमबाट दलितभित्रको छुवाछुत अन्त्य गर्नुपर्ने बुझिन् र आफ्नो गाउँमा आएर विकहरूलाई यसको बारेमा सम्झाएको सोमा बताउँछिन् । आफ्नो समुदायभित्रको भेदभाव हट्दै गएको कुरा सोमाले यसरी स्पष्ट पारिन्- 'जब उनको गाउँमा समग्र लमजुङका वरिष्ठ उत्प्रेरक बलभद्र राउत र क्षेत्रीय संयोजक विनोद थापा आएर विकले परियारमाथि गरेको



भेदभावका विषयमा विक र परियारबीच दोहोरी गीत प्रतियोगिता चलाए । त्यहाँ सोमाको थर भएका अर्थात् परियारले जितेपछि सर्तअनुसार विकले परियारलाई भदेभाव गर्न नपाइने भयो । विनोद सरले विक र परियारलाई सम्झाए । यसरी उनको बस्तीबाट दलितभित्रको छुवाछुत अन्त्य भएछ । समाजमा

दलितभित्र सार्कीभन्दा विक सानो, विकभन्दा परियार सानो, रहेको लमजुङ घनपोखरा-५ को लालीगुराँस सामाजिक परिवारका सचिव आइतजंग विकले जानकारी दिए र उनको साप २०६३ सालमा गठित भएपछि दलितभित्रको आन्तरिक छुवाछुत अन्त्य गर्नुपर्ने निर्णय सम्पूर्ण सापका सदस्यले गरेको विक बताउँछन् ।

दलित सशक्तीकरण गर्ने योजनामा महिनामा एकचोटि परियार, सार्की र विक आदि मिलेर पालो-पिलो भोज आयोजना गर्ने र सँगै सुकुलमा बसेर खाने गरेको सचिव आइतजंग विक बताउँछन् । यसरी फाइदा के भयो त भन्दा दलितभित्र आफै संगठित भएमा मात्रै गैरदलितसँग अधिकार माग्न सकिने सचिव विक स्पष्ट पार्दछन् । विकका अनुसार सार्की र विकको घरभित्र परियार पस्न थालेका छन्, यसमा आइतजंगको परिवारले कुनै रोकटोक नगरेको विक वताउँछन् । यसरी दुईवटा दलित बस्तीका सापमा दलितभित्रको छुवाछुत अन्त्य भए पनि लमजुङकै बाग्लुङपानी-९ मा रहेको चेतनशील सापमा कोही- कोही विक सदस्यहरूले दलितभित्रको भेदभाव कायम राखेको उक्त सापकी उपाध्यक्ष विमाया परियारले बताइन् । यसबारेमा सापको बैठकमा छलफल हुँदैन भन्ने प्रश्नमा परियारले छलफल भए पनि उचित ढङ्गले समाधान नभएको बताउँछिन् । सोही सापकी कोषाध्यक्ष इन्दिरा विकका अनुसार आफू दलितभित्रको भेदभावका विपक्षमा भए पनि आफ्नो घरपरिवारको डरले गर्दा उनीहरूसँग कुरा राख्न नसकेको बताउँछिन् । तर, गैरदलितसँग अधिकार माग्न दलितहरू एकजुट हुनुपर्ने कुरामा भने विक अडिक छिन् । उनी भन्छिन्- ‘विमाया र उनी बैठकमा सँगै बस्ने, सँगै खाने आदि सबै भएको छ ।’ प्रत्येक बैठकमा दलितभित्रको छुवाछुतका विषयमा कुरा भएको समाधानका लागि परियारकै घरमा गएर प्रत्येक सदस्यले भोज खाएको, कहिलेकाहीँ यस्तो समस्या आए पनि यो ठूलो रूपमा नरहेको उक्त सापका अध्यक्ष जमानसिंह दुलाल (सार्की) ले बताए ।

*निचोड* : ग्रामीण दलितहरू गैरदलितहरूसँग मात्रै संघर्ष गरेका छैनन् कि आन्तरिक छुवाछुत र दलितभित्रैको भेदभाव हटाउनसमेत लागेका छन् । यस काममा सामाजिक परिवार एउटा सशक्त माध्यम भएर अगाडि आएको छ ।

## भूमिहीन रामचन्द्र भए जग्गा धनी ....

रामचन्द्र विक अब ६४ वर्षका भए । यिनको जन्म सिरहाको शोभापुरमा भए पनि ३५ वर्षअगाडि यिनले हाल बस्दै गरेको पश्चिम पिप्रा वडा नं.-८ को सदा टोलमा बिताए । जेठी जहानबाट तीन भाइ छोरा र दुई बहिनी छोरी छन् । अकालमै जेठी खसेपछि दोस्रो विवाह गरेका रामचन्द्रको कान्छीबाट दुई छोरी र एक छोरा भए । यीनीसँग आफ्नै पुर्ख्यौली सीप छ फलामका भाँडा बनाउने र साँध लगाउने (अर्जाप्ने) । यसैबाट पूरै बालबच्चा हुर्के भने अहिले पनि यही सीपबाट आफूसँग भएका छ जनाको भरणपोषणमा सघाउ पुऱ्याएका छन् । यिनी २०५९ सालमा गठन भएको दलित कल्याण सामाजिक परिवारका सदस्य हुन् । यो वडा नं.-८ को सदा टोलको सामाजिक परिवार हो । उनी भन्छन्- ‘२०६० साल साउनमा चहका खोलामा आएको ठूलो बाढीले सदा टोलका ४० घर बगायो, मलगायत त्यहाँ बस्ने सबैको बस्ती उजाड भयो, हामी विचल्लीमा पऱ्यौं । सदा भाइहरूलाई समग्र र अरू संघसंस्था मिलेर डेढ बिगाह जग्गा खरिद गरी सुन्दरपुर नामको बस्ती बसायो । नम्बरी जग्गामा सबैले लालपुर्जा पाए । म हाल बसेको जग्गा रामप्रसाद श्रेष्ठले दिनुभएको हो । यो मेरो जग्गा होइन, आपत्मा बसेको मात्र हुँ । अब त आफ्नै दुई कठ्ठा दुई धुर जमिन भयो, भर्खर किनेको लालपुर्जा पनि पाएको छु । उनले मुसुक्क हाँस्दै थपे- ‘मेरो जग्गालाई सत्ताईस हजार पऱ्यो, बुझ्नुभयो ? छोराहरूको कमाइ र बाखा-



कुखुरा बेचेर जोडें । नपुगमा सहयोग गरिदिनुभएकामा मुकुन्द सर र समग्रलाई धन्यवाद छ । मेरो पनि खाँबो गाड्ने ठाउँ भयो । अब त आफ्नै बास बनाएर बस्न सकिन्छ, नि !’ पुराना कुरा सम्झँदा उनको मन सारै दुख्छ रे ! मन्दिरमा पसेर पूजा गर्न नपाइने, पँधेरोमा सबैले पानी भरिसकेपछि मात्र पालो आउने । छुवाछुत गरेर हेला गर्ने चलन अब त धेरै फेरिइसक्यो । हाम्रो सामाजिक परिवारले कसैलाई सुकुम्बासी हुन दिएन, धेर-थोर जमीनमा आफ्नो सानो झुपडी बनाएर सबैले

बस्न पाए । आफ्नै कोष उठाउने, खर-खाँचोमा सर-सापटी चलाउने गरेको सुनाउँदै भने- 'अब त पहिला जस्तो एक्ला-एक्लै भइएन, सामाजिक परिवार भनेको त सँगोलको घर हो नि भन्दै', उनी भन्छन्- 'पहिलादेखि नै यस्तो हुँदो हो त कसले हामीलाई हेप्ने-चेप्ने गर्थ्यो र !'

## डेनिस राजदूतावासका प्रथम सचिव समग्रमा



यही माघ १० गते डेनिस राजदूतावासका प्रथम सचिव डिट्टेबेरेगार्डले नेतृत्व गरेको टोलीले समग्रको कार्यालयमा भ्रमण गरी समग्रका पादाधिकारीहरूसँग अन्तरक्रिया गऱ्यो । अन्तरक्रियाको क्रममा समग्रले आफूले गरिरहेका क्रियाकलाप, मुख्य उपलब्धिहरू र भोगेका चुनौती तथा सिकाइहरूको बारेमा प्रस्तुत गरेको थियो । समग्रले थोरै बजेटले धेरै क्षेत्रमा कार्य गरेको र लमजुङ जिविससँग साझेदारी गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सञ्चालन गरेकोमा प्रसन्नता व्यक्त गर्दै प्रथम सचिवले स्थानीय स्तरमा यस्ता साझेदारी बढाई स्थानीय स्रोतमा सामाजिक परिवारको पहुँच स्थापित गर्ने कार्यमा निरन्तरता दिन र वृद्धि गर्न सुझाव दिइन् । उक्त टोलीमा डेनिस राजदूतावासका कार्यक्रम अधिकृत सरोज नेपाल र डेनिडाह्युगोका सल्लाहकार मुकुन्द कटेलसमेत सहभागी थिए ।

## सामाजिक परिवारको संस्थागत तालिमः



गोरखा, धादिङ र लमजुङ जिल्लाका विभिन्न गाविसहरूबाट छनोट भई आएका समग्रका स्वयम्सेवकहरूका लागि पहिलो चरणको सापको संस्थागत विकाससम्बन्धी तालिम यही माघ १४ देखि १६ सम्म गोरखा बजारमा सम्पन्न भयो । यो तालिममा तीन जिल्लाका १८ जना महिलाहरूसहित २६ जना सहभागी भए । तालिमका सहभागीहरूलाई सामाजिक परिवारको अवधारणा, गठन विधि, साप सञ्चालन विधि, सापको आचारसंहिता, सापले सञ्चालन गर्ने क्रियाकलापहरू, कार्ययोजना, विधान तयारी, अभिलेखन तथा निर्णय कार्यान्वयन, स्रोत व्यवस्थापन, प्रतिवेदन लेखनजस्ता विषयहरूमा प्रशिक्षण दिइएको थियो ।

## माघमा सम्पन्न क्रियाकलापहरूको विवरण

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| जातीय विभेद र मानवअधिकार उल्लंघनविरुद्ध जनचेतना अभियान | ४ | ९१ | ९३ | १८४ |
| जिल्ला स्तरीय तालिम (मानवअधिकार/द्वन्द्व रूपान्तरण, संस्थागत..) | १ | २१ | १३ | ३४ |
| सा.प.स्तरको अभिमुखीकरण (आधारभूत मानवअधिकार, मानवअधिकार अनुगमन, द्वन्द्व रूपान्तरण, संस्थागत विकास) | ३६ | ५६० | ९१ | ६५१ |

सम्पर्कका लागि ठेगानाः
समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चाबहिल, पो.ब. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेलः info@samagra-nepal.org.np, वेभसाइटः www.samagra-nepal.org